# बैंक/वित्तीय संस्थाको प्रवन्धपत्रको नमूना

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

**............ बैंक/वित्तीय संस्था लिमिटेडको**

**प्रबन्धपत्र**

१. **कम्पनीको नाम** : यस कम्पनीको नाम " ...............[१] बैंक/वित्तीय संस्था लिमिटेड " हुनेछ र यसलाई अंग्रेजीमा .................. Bank Limited [२] भनिनेछ । जसलाई यसपछि "बैंक/वित्तीय संस्था" [३] भनी सम्बोधन गरिने छ ।

२. **बैंक/वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना** : (१) यस बैंक/वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय............. जिल्ला .............नगरपालिका/गाउँ विकास समिति, वार्ड नं. ... मा रहनेछ ।

(२) यस बैंक/वित्तीय संस्थाको कार्यक्षेत्र नेपाल भर /..........................जिल्लाभित्र हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली बैंकिङ्ग/वित्तीय कारोबार गर्न सकिनेछ ।

३. **बैंक/वित्तीय संस्थाले गर्ने व्यवसाय वा कारोबारको प्रकृति** : बैंक/वित्तीय संस्थाले बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (....) तथा यस प्रवन्धपत्र र नियमावाली बमोजिम बैंकिङ्ग/वित्तीय व्यवसायको कारोबार गर्नेछ ।

४. **बैंक/वित्तीय संस्थाको मुख्य उद्देश्य** : (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही बैंकिङ्ग/वित्तीय कारोवार गर्ने यस बैंक/वित्तीय संस्थाको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछः-

(क) बैंक/वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग/वित्तीय मध्यस्थता सेवा उपलव्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यवसायिक रूपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक बैंकिङ्ग/वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट

---

[१] "क" वर्गको बैंकले ".......बैंक लिमिटेड" र अरु वर्गका वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २८ को उपदफा (४) बमोजिमको नाम उल्लेख गर्ने ।

[२] "क" वर्गको बैंकले ".......बैंक लिमिटेड" र अरु वर्गका वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २८ को उपदफा (४) बमोजिमको नाम उल्लेख गर्ने ।

[३] बैंकको हकमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (ख) र वित्तीय संस्थाको हकमा सोही दफाको खण्ड (ग) बमोजिम परिभाष गर्नु पर्ने ।

जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) बैंकिङ्ग/वित्तीय सेवामा जोखिम कम गर्दै बैंकिङ्ग/वित्तीय क्षेत्रको उदारीकरणमा मद्धत पुर्‍याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने, र

(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्ने सहयोग पुऱ्याउने ।

(२) बैंक/वित्तीय संस्थाले उपदफा (१) बमोजिमको उद्देश्यहरु कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजतपत्र प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजतपत्र प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

५. **बैंक/वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू** : यस बैंक/वित्तीय संस्थाले दफा ४ बमोजिमको उद्देश्य प्राप्त गर्न कम्पनी ऐन,२०६३ को दफा १८ को उपदफा (१) को खण्ड (घ) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (...) बमोजिम "...." वर्गको इजाजतपत्र प्राप्त संस्थाको रूपमा रहने गरी सो ऐन, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरू गर्न सक्नेछ :-[४]

(तलको खण्डहरुमा "क" वर्गको कार्यहरु मात्र उल्लेख भएको हुँदा अन्य वर्गको इजाजतपत्र प्राप्त संस्थाले उक्त ऐन बमोजिम सम्वधित वर्गले गर्न पाउने कार्यहरु उल्लेख गर्नु पर्ने )

(क) बैंक/वित्तीय संस्थालाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) बैंक/वित्तीय संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) बैंक/वित्तीय संस्थाको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(घ) बैंक/वित्तीय संस्थालाई आवश्यक पर्ने रकम बैंक तथा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने,

(ङ) बैंक/वित्तीय संस्थाको नामबाट शेयर तथा डिवेन्चर खरिद गर्ने वा त्यसलाई बिक्री गर्ने,

(च) ब्याज वा विना ब्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने,

(छ) नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम विभिन्न प्रकारका कर्जा दिने,

---

[४] खण्ड (क) देखि खण्ड (ङ) सम्म कम्पनी ऐन, २०६३ को प्रवन्धपत्रको ढाँचा बमोजिमका कामहरु र बाँकी खण्डमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ४७ को वर्ग अनुसार सम्बन्धित उपदफाको कामहरु उल्लेख गर्ने ।

(ज) प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही विदेशी विनिमय कारोवार गर्ने,

(झ) हायरपर्चेज, हाइपोथिकेशन, लिजिङ्ग, हाउसिङ्ग तथा सेवा व्यवसायको लागि कर्जा दिने,

(ञ) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही मर्चेण्ट बैंकिङ्ग कारोवार गर्ने,

(ट) अन्य बैंक वा वित्तीय संस्थाहरुसँग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारीपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने, दिलाउने व्यवस्था गर्ने,

(ठ) स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,

(ड) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो बापत ग्राहसँग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने,

(ढ) प्रतीतपत्र, प्रतिज्ञापत्र, विनिमयपत्र, चेक, यात्रुचेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण निश्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरीद विक्री गर्ने,

(ण) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्यूटर, वा म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने ,

(त) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही क्रेडिट कार्ड, डेविट कार्ड, चार्ज कार्ड लगायतका अन्य वित्तीय उपकरणहरु जारी गर्ने, स्वीकार गर्ने र सो सम्वन्धी कार्य गर्न एजेन्ट नियुक्त गर्ने ,

(थ) आफुले पत्याएको व्यक्तिलाई संचालक समितिले निर्धारण गरेको नीति नियम अन्तर्गत रही अधिविकर्ष (Overdraft) कर्जा दिने,

(द) अटोमेटेड टेलर मेसिन र क्यास डिस्पेन्सिङ्ग मेसिनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा दिने,

(ध) आफूकहाँ पहिले नै धितो रहीसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य बैंक वा वित्तीय संस्थामा धितो रहिसकेको चलअचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने,

(न) नेपाल राष्ट्र बैंकले तोकेको शर्तमा सो बैंकको एजेण्ट भै नेपाल सरकारको तर्फबाट सरकारी कारोवार लगायत अन्य कारोवार गर्ने ,

(प) नेपाल राज्यभित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, सुन, चाँदी, शेयर, डिवेञ्चर, बण्ड आदि खरिद विक्री गर्ने र शेयरको लाभांश तथा प्रतिज्ञापत्र, डिवेञ्चर, बण्ड आदिको व्याज असूल उपर गर्ने,

(फ) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिवेञ्चर वा सुरक्षणको जिम्मा लिने, खरिद विक्री गरिदिने, शेयरको लाभांश, डिवेञ्चर वा सुरक्षणको व्याज आदि उठाइ दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपाल राज्यभित्र वा विदेशमा समेत पठाउने,

(ब) सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,

(भ) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद विक्री गर्ने वा सकार गर्ने,

(म) नेपाल राष्ट्र बैंकले तोकिदिएको शर्तमा वासलात बाहिरको कारोवार गर्ने,

(य) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामूहिक जमानीमा नेपाल राष्ट्र बैंकले तोके बमोजिमको रकमसम्म कर्जा दिने,

(र) आफू तथा अन्य कुनै बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी नेपाल राष्ट्र बैंक वा कुनै अन्य बैंक वा वित्तीय संस्था वीच लिने दिने,

(ल) अन्य कुनै बैंक तथा वित्तीय संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा उपलब्ध गराउन जमानी बस्ने,

(व) नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमा भित्र रही शेयर, डिवेञ्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने,

(श) आवश्यक्तानुसार नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा लिने वा अन्य बैंक तथा वित्तीय संस्थालाई कर्जा लिने दिने,

(ष) परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम कर्जाको रुपमा प्रवाह गर्ने वा कर्जा व्यवस्थापन गर्ने,

(स ) परियोजना स्थापना, संचालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण गर्ने, गराउने तथा तालिम, परामर्श र अन्य जानकारी उपलब्ध गराउने,

(ह) संचालक समितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने,

(क्ष) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिंदा वा निजसँग कुनै कारोवार गर्दा आफ्नो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने,

(त्र) आफ्नो जायजेथाको उचित प्रवन्ध वा विक्रि गर्ने र आफ्नो चल अचल, जायजेथा धितो राखी कर्जा लिने ।

(ज्ञ) नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका अन्य काम गर्ने ।

६. **<u>बैंक/वित्तीय संस्थाको पूँजीको संरचना</u> :** बैंक/वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :–

(क) बैंक/वित्तीय संस्थाको अधिकृत पूँजी रु. ..............।– ( .......... ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१०० दरका .............। ( ...............) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) बैंक/वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु...........।– (...........) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००। दरका .......... (........) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) बैंक/वित्तीय संस्थाको संस्थापकहरुले चुक्ता गर्न कबुल गरेको पूँजी रु. ..........।– हुनेछ ।

(घ) बैंक/वित्तीय संस्थाले जारी पूँजीको ...... प्रतिशत साधारण शेयर सर्वसाधारणलाई विक्रीको लागि छुट्याएको छ ।

(ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ...... प्रतिशत हुनेछ । यो समूहलाई देहाय बमोजिम ... वटा उपसमूहमा विभाजन गरिएको छ :-

(१) उपसमूह क-१:

| क.सं. | संस्थापकको नाम | लिन कबूल गरेको शेयर संख्या (कित्ता) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |
| ११ | | |
| १२ | | |

(२)उपसमूह क-२:

| | | |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |
| ११ | | |
| १२ | | |
| १३ | | |
| १४ | | |
| १५ | | |
| १६ | | |
| १७ | | |
| १८ | | |

(३)उपसमूह क-३:

| | | |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |
| ११ | | |
| १२ | | |
| १३ | | |
| १४ | | |
| १५ | | |
| १६ | | |
| १७ | | |
| १८ | | |
| १९ | | |

(च) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व...... प्रतिशत हुनेछ । यस समूहको कूल शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंक/वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

(छ) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो, सो खरिद गर्ने व्यक्तिलाई सोही समूह, उपसमूहमा राखिनेछ ।

(ज) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिई कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही बैंक/वित्तीय संस्थाले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

७. **बैंक/वित्तीय संस्थाको शेयरको किसिम :** हाल साधारण शेयर बाहेक अन्य प्रकारको शेयरको व्यवस्था नगरिएको हुँदा बैंक/वित्तीय संस्थाको शेयरको किसिम साधारण शेयर मात्र हुनेछ । अग्राधिकार शेयर जारी गर्नु परेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी प्रचलित कानूनको रीत पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर मात्र त्यस्तो शेयर जारी गर्न सकिनेछ ।

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज :** शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई बैंक/वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

(ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

(ग) बैंक/वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम बैंक/वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि बैंक/वित्तीय संस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । समूहभित्र उपसमूह रहेको अवस्थामा जुन उपसमूहको शेयर हो सोही उपसमूहका शेयरधनीलाई प्राथमिकता दिइनेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

(घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशवण्डा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागू हुने छैन ।

(ङ) सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम ५० कित्ता शेयर वा अधिकतममा विवरणपत्रमा तोकिए बमोजिम शेयर खरिद गर्नका लागि निवेदन गर्न सक्नेछ ।

तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

(च) बैंक/वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंक/वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैंक/वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा

संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

तर, नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागू हुने छैन ।

(छ) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो शेयर बैंक/वित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।

(ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून, धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

९. **शेयर वापतको रकमको भुक्तानी :** (१) बैंक/वित्तीय संस्थाले सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम अंकित मूल्यको शत प्रतिशत भुक्तानी माग गर्नेछ ।

(२) शेयर वापत बैंक/वित्तीय संस्थाले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा बैंकले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **दायित्व सीमित हुने :** यस बैंक/वित्तीय संस्थाको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन् ।

११. **अन्य आवश्यक कुराहरु :** (१) बैंक/वित्तीय संस्थाको संस्थापन गर्दा लागेको खर्च बैंक/वित्तीय संस्थाले नै व्यहोर्नेछ ।

(२) बैंक/वित्तीय संस्थाको शेयरको रकम भुक्तानी नगदमा नै गर्नु पर्नेछ ।

(३) बैंक/वित्तीय संस्थाले काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले बैंक/वित्तीय संस्थाबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन ।

(५) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंक/वित्तीय संस्थाले आफ्नो कारोबार सञ्चालनका लागि आवश्यक विनियमहरू बनाई लागू गर्न सक्नेछ ।

(६) बैंक/वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र अन्य प्रचलित कानूनले बन्देज लगाएका कार्यहरू गर्न पाउने छैन ।

(७) बैंक/वित्तीय संस्थाले आवश्यकता महसुस गरेमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी बैंक/वित्तीय संस्थाको हितको लागि आफ्नो व्यवस्थापन जिम्मा दिने वा आवश्यक परामर्शदातासँग परामर्श लिन सक्नेछ ।

(८) बैंक/वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले तोके वमोजिमको आफ्नो कूल सम्पत्ति वा जोखिम भारीत सम्पत्तिको आधारमा तोके अनुसारको पूँजी कोषको व्यवस्था गर्नेछ ।

(९) बैंक/वित्तीय संस्था अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।

(१०) बैंक/वित्तीय संस्थाको काम कारवाही सञ्चालनका लागि एक छुट्टै छाप हुनेछ ।

(११) बैंक/वित्तीय संस्थाले आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि सोही नाउँबाट नालिस उजूर लाग्न सक्नेछ ।

(१२) बैंक/वित्तीय संस्थाले प्रचलित कानूनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति खरिद बिक्री गर्न, प्राप्त गर्न, राख्न, निर्माण गर्न, उपभोग गर्न, बहालमा दिन वा अन्य किसिमले व्यवस्था गर्न, धितोबन्धक लिन, दिन वा दानदातव्य दिन सक्नेछ ।

(१३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र कम्पनी ऐन, २०६३, धितोपत्र कारोवार सम्वन्धी कानूनका व्यवस्थाहरु एक आपसमा बाझिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको कानूनी व्यवस्थाले प्राथमिकता पाउने छ ।

१२. **बैंक/वित्तीय संस्थाको प्रकृति अनुरुप थप व्यवस्था :** बैंक/वित्तीय संस्थाका व्यवसायीक कारोवार नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम सञ्चालन हुनेछ । बैंक/वित्तीय संस्थाको धितोपत्र कारोवार र साधारण सभा संचालन सम्बन्धी कार्य प्रचलित धितोपत्र कारोवार कानून तथा कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

१३. **प्रवन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था :** (१) यस प्रवन्धपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी ऐन बमोजिम साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिइ कम्पनी रजिष्ट्रारको कार्यलयमा अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिने छ ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रबन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रबन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ ।

१४. **प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने** : यस प्रवन्धपत्रमा लेखिएका कुराहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोबार सम्वन्धी प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः वदर भई उपरोक्त ऐन वा कानूनका व्यवस्थाहरु नै लागू हुनेछ ।

१५. **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण** : हामी ......... बैंक/वित्तीय संस्था लिमिटेडका संस्थापकहरुले यो बैंक/वित्तीय संस्था संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा बैंक/वित्तीय संस्था दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रवन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकता को प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>१. नाम :<br>ठेगाना :............जिल्ला<br>................नगरपालिका/<br>गा.वि.स., वडा नं. .........<br>ब्लक नं. ............<br>फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. वा. | | | | द.<br>नाम :<br>ठेगाना :............जिल्ला<br>................नगरपालिका/<br>गा.वि.स., वडा नं. .........<br>ब्लक नं. ............<br>दा. वा. | |

ईति सम्वत् २०... साल ---------------- महिना ------------- गते रोज ------ शुभम्---